# आकास्मिक पशुपँछी महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

## पृष्ठभूमि

पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पतीको रुपमा रहदै आएको वर्तमान अवस्थामा हाल प्रदेश नं. २ मा सँघ अन्तरगत क्षेत्रीय पशुपँछी रोग अन्वेषन प्रयोगशाला जनकपुरधाम र प्रदेश अन्तरगतका सँरचनामा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २, पशुपँछी तथा मत्सय विकास निर्देशनालय,भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, र स्थानिय तहहरुमा पशु सेवा शाखा मार्फत पशु स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ ।यस प्रदेशको भौगोलिक अवस्था अनुसार पशु स्वास्थ्य सेवा समान रुपमा प्रदान गर्न नसकेको अवस्थामा र व्यावसायीक पशु पालनको वृद्धि सँगै पशु स्वास्थय सेवा विशेषज्ञ सेवाको माँग बढदै गएको सन्दर्भमा सवै जिल्लाहरुमा विशेषज्ञहरुको सहज उपल्वध नभएको यथार्थलाई दृष्टीगत गरि यस कार्यक्रम मार्फत पशु पालनको पकेट क्षेत्रमा पशुहरुमा लाग्ने महामारी रोग नियन्त्रणा गर्नको लागि विशेषज्ञहरुको उपस्थिमा रोग पहिचान तथा रोग निदान गर्ने अभिप्रायलेयस प्रदेश सरकारको नीति,तथा कार्यक्रम सहज,सरल,प्रभावकारी र पारदर्शीरुपमा सँचालन गर्न **आकास्मिक पशुपँछी महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ प्रदेश सरकार**,भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २ वाट जारी गरिएको छ ।

## परिच्छेद १ : प्ररम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "**आकास्मिक पशुपँछी महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** रहेको छ

ख) यो कार्यविधि प्रदेश सरकार मन्त्रीपरिषदवाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क.** "मन्त्रालय" भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश न २ सम्झनु पर्नेछ।

**ख.** निर्देशनालय"पशुपँछी तथा मत्सय विकास निर्देशनालय प्रदेश न २ सम्झनु पर्नेछ।

**ग.** प्रयोगशालाः पशुपँछी रोग अन्वेषण प्रयोगशाला सम्झनु पर्नेछ।

**घ.** कार्यालय" भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्नेछ।

**ङ.** शाखा :स्थानिय तहमा भएका पशु सेवा शाखा सम्झनु पर्नेछ।

**च.** समितिः पशु रोग महामारी फैलिएको क्षेत्रमा रोग पहिचान गरि रोग निदान गर्न गठन भएको विशेषज्ञहरुको समिति सम्झनु पर्नेछ।

**छ.** स्थानिय तहः गाँउपालिका/नगरपालिका/उप महानगरपालिका/महानगरपालिका सम्झनु पर्नेछ।

३. उद्देश्यः

**क.** पशु रोग महामारी फैलिएकोक्षेत्रमा महामारी नियन्त्रणा गर्नुको साथै अन्य क्षेत्रमा फैलिन नदिने ।

**ख.** पशु रोग नियनुत्रण भई कृषकहरुको आयआर्जनमा वृद्धि गराउने ।

**ग.** लक्षित वर्गको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने,।

**घ.** कृषकहरुमा रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्धारा जीविकोपार्जनमा सुधार ल्याउने,।

परिच्छेद २

४.कार्यक्रम सँचालन प्रकृया

क पशु रोग महामारी फैलिएको क्षेत्रमा महामारी नियन्त्रणा गर्नुकोसाथै अन्य क्षेत्रमा मशामारी रोग फैलिन नदिन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको सँयोजकत्वमा आकास्मिक पशुपँछी महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रम संचालनको लागी ४ सदस्य समिति गठन गरिनेछ ।

समिति निम्नानुसारको रहनेछ ।

| | |
|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख | : सँयोजक |
| पशुपँछी तथा मत्सय विकास निर्देशनालयले तोकेको अधिकृत प्रतिनिधि | : सदस्य |
| पशु पक्षी रोग अन्वेषण प्रयोगशालाको पशु चिकित्सक | : सदस्य |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको पशु चिकित्सक प्रतिनिधि | : सदस्य सचिव |

ख. उक्त समितिले आकास्मिक पशुपँछी महामारी रोगको नियन्त्रण रोकथाम तथा उपचारको लागि आवश्यक प्रकृया जस्तै स्थलगत अनुगमन निरिक्षण, नमुना सकलन, रोग निदान, ओषधी खरिद आदि कार्यक्रम सचालन को लागि पशु रोग महामारी क्षेत्रमा महामारी नियन्त्रण तथा अन्य क्षेत्रमा फैलिन नदिनको लागि स्थलगत अनुगमन गरि रोग पहिचान तथा निदान गरि पशुपँछी महामारी रोग नियन्त्रण तथा उपचारको लागि सिफारिश गरिने छ ।

ग. आकास्मिक पशुपँछी महामारी रोगको ईपिडेमियोलोजीकल अध्ययन अनुसूची १ बमोजीम ईमेल मार्फत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पशुपँछी तथा मत्सय विकास निर्देशनालय र पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

घ. आकास्मिक पशुपँछी महामारी रोग फैलिएको स्थानका सम्वन्धित स्थानिय तहले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई रोग फैलिएको जानकारी यथासँमभव छिटो दिनु पर्ने छ र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले रोग फैलिएको जानकारी छिटो साधनवाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २,आर्थिक मामिला तथा औंजना मन्त्रालय प्रदेश नं.२, पशुपँछी तथा मत्सय विकास निर्देशनालय र पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा जानकारी गराउनु पर्ने छ ।

ङ.महामारी रोग फैलिएको जानकारी प्रास भए पछि पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सहित सम्वन्धित निकायको विशेषज्ञहरुको टोलीले स्थलगत अनुगमन गरि रोग पहिचान तथा निदान गरि पशुपँछी महामारी रोग नियन्त्रण तथा उपचारको लागि सिफारिश गरिने छ ।

च. पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सहित सम्वन्धित निकायको विशेषज्ञहरुको टोलीले स्थलगत अनुगमन गरि रोग पहिचान तथा निदान गरि पशुपँछी महामारी रोग नियन्त्रण तथा उपचारको लागि सिफारिश गरे अनुसार स्थानिय तहको पशु सेवा शाखाको समन्वयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले अवश्यक औषधि उपचार तथा खोपको व्यवस्था गर्नुपर्ने छ ।

छ.सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पशुपँछी महामारी रोग सम्वन्धि जनचेतनामुलक कार्यक्रम स्थानिय रेडियो, एफ.एम.मा दिनु पर्ने छ ।

प्रदेश सरकार
मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

परिच्छेद ३

५.आर्थिक कार्यविधि

क.स्वीकृत कार्यक्रमको विनियोजित बजेट र रोगको किसिम र अवस्था हेरी औषधि खरिद गरि महामारी नियन्त्रणा गर्नु पर्ने छ

ख.औषधि तथा अन्य अवश्यक सामाग्री खरिद गर्दा प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ बमोजिम गरिनेछ।

ग.आकास्मिक पशुपँछी महामारी रोग नियन्त्रणका लागि मन्त्रालय,निर्देशनालय र क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाबाट जाने कर्मचारी तथा विज्ञहरुको दैनिक भ्रमण भत्ताको व्वस्थापन नियमानुसार वहालवाला कार्यालयले नै व्यहोर्नु पर्नेछ ।

घ.सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट खटिएका कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको व्वस्थापन नियमानुसार सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गर्नुपर्नेछ ।

६.प्रगती प्रतिवेदन

क.पशुपँछी महामारीको अवस्था तथा उपचार गरेको पशुपँछी सँख्याको प्रगती पशुपँछी तथा मत्सय विकास निर्देशनालयमा पठाउनु पर्नेछ ।

७.थप वा हेरफेर गर्न सक्ने

क. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि प्रदेश मन्त्रालयले आवश्यकता अनुसार व्यास्था गर्न सक्नेछ ।

अनुसूचीः १

## रोगका इपिडेमियोलोजिकल अध्ययन फर्मेट

- पशुवस्तुमा शंकास्पद ............ रोगका महामारी क्षेत्रबाट संकलन गरी प्रेषण गर्नु पर्ने विवरण
- रोग देखा परेको क्षेत्र
- रोग देखा परेको क्षेत्रका भौगोलिक अवस्था
- रोग देखा परेको फार्म/गाँउपालिका/नगरपालिका वाड र व्यक्तिगत विवरण

| सि.नं. | फार्म वा कृषकको नाम | ठेगाना | रोग देखा परेको पशुपँछीको किसिम | रोग देखा परेको पशुपँछी सँख्या | मृत्यू भएको पशुपँछी सँख्या |
|---|---|---|---|---|---|
| | | | | | |

- रोग देखा परेको पशुको उमेर
- जोखिममा रहेका पश संख्या
- रोगको इपिडेमियोलोजी सम्वन्धी विवरण
  - ✓ रोग लक्षण
  - ✓ रोग पहिला पटक देखा परेको मिति र समय
  - ✓ रोगको संभावित श्रोत
  - ✓ रोगी पशुको लागि दाना पानीको प्रवन्ध
  - ✓ रोग देखा परेको फार्म वा परिसरबाट भएको जनावरको ओसार पसार (भित्र वा वाहिर)
  - ✓ रोग देखा पर्नु भन्दा एक हप्ता अघि देखी
  - ✓ रोगको फैलावटको नक्सा वा क्रम
  - ✓ आवतजावतमा नियन्त्रणमा गरिएको प्रवन्ध
  - ✓ रोग सम्वन्धी अन्य सूचना वा जानकारी
  - ✓ रोग नियन्त्रण गर्न गरिएको प्रयास
  - ✓ रोगको पहिचान गर्न संकलित नमूना
  - ✓ नमूना पठाइएको प्रयोगशाला
  - ✓ रोगको वर्तमान अवस्था
- रोगको नियन्त्रणमा सहभागी प्रमुख व्यक्तिका

स्ही

नाम

पद

सम्पर्क न

कार्यालयको छाप

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा